नेपाल सरकार

राष्ट्रिय परीक्षा बोर्ड

# परीक्षा नियन्त्रण कार्यालय, कक्षा १०

सानोठिमी, भक्तपुर

पत्र संख्या २०८२।०८३

चलानी नम्बर

## माध्यमिक शिक्षा पूरक परीक्षा (SEE)२०८१ को पुनर्योगमा चित्त नबुझेमा उत्तर पुस्तिका हेर्न निवेदन दिने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति :- २०८२।०८।०४

२०८१ सालको माध्यमिक शिक्षा पूरक परीक्षा(**SEE**)मा सम्मिलित भएका परीक्षार्थीहरूमध्ये पुनर्योग गराउन निवेदन दिएका परीक्षार्थीको पुनर्योगका लागि निवेदन दिएका विषयका उपर चित्त नबुझेमा उत्तरपुस्तिका पुन:परीक्षण निर्देशिका, २०७५ बमोजिम उत्तरपुस्तिका हेर्नका लागि सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र निम्न प्रक्रिया पूरा गरेर यस कार्यालयमा निवदेन दिनहुन सबैका जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. पुनर्योगका लागि निवेदन दिएका विषयमध्ये नतिजामा चित्त नबुझेका उत्तरपुस्तिका हेर्न चाहेका विषयमा प्रति विषय रु.२०००।–(दुई हजार मात्र)का दरले राजश्व शीर्षक नं.१४२२३ मा रकम जम्मा गर्नुपर्ने छ ।

२. उत्तरपुस्तिका हेर्न पाउँ भन्ने निवेदनको ढाँचामा उल्लेख गरिएका कागजातसहित निवेदन दिएका परीक्षार्थीले तोकिएको ढाँचामा कबुलियतनामा गरे पश्चात उत्तरपुस्तिका पुन: परीक्षण निर्देशिका, २०७५ को दफा ३(३) बमोजिम विषयगत विज्ञ र अभिभावकसमेतको उपस्थितिमा उत्तरपुस्तिका हेर्ने व्यवस्था मिलाइने छ । उत्तरपुस्तिका हेर्न दिन र समय परीथार्थीले कबुलियतनामामा प्रदान गरेको सम्पर्क नम्वरमा जानकारी गराइने छ ।

द्रष्टव्यः उत्तरपुस्तिका हेर्न पाँउ भन्ने निवेदनको ढाँचा र कबुलियतनामा कार्यालयको **Website: www.see.gov.np** वा **www.neb.gov.np** बाट डाउनलोड गर्न सकिने छ ।

**पुनश्चः उत्तरपुस्तिका हेर्ने प्रक्रिया पूरा गरिसकेपछि चित्त नबुझेमा पुनःपरीक्षणका लागि समेत देहायको प्रक्रिया अनुसार निवेदन दिन सकिने छ ।**

२०८१ सालको माध्यमिक शिक्षा पूरक परीक्षा(**SEE**)को उत्तरपुस्तिका पुनर्योग गर्ने प्रक्रियामा सम्मिलित भई उत्तरपुस्तिका हेर्नका लागि निवेदन दिएका सम्बन्धित परीक्षार्थीले उत्तरपुस्तिका पुनःपरीक्षणका लागि निवेदन दिन चाहेमा उ.पु.हेरीसकेपछि सोही मितिमा पुन: परीक्षण गराउन चाहेका बिषयहरु प्रति विषय .२०००।–(दुई हजार)मात्रका दरले राजश्व शीर्षक नं.१४२२३ मा रकम जम्मा गरेको भौचरसहित यस कार्यालयमा निवदेन दिनहुन जानकारी गराइन्छ ।

परीक्षा नियन्त्रक

फोन न. ६६३०८१९,६६३०७३९,६६३००७० फाक्स ९७७६६३११४६